**सम्वत् २०८१ साल पौष १९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | (क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम निरञ्जन श्रेष्ठ (क.सं.नं.१४१७१०) लाई मिति २०८१/०९/१३ गते देखि जेष्ठता कायम हुने गरी प्रदेश वन सेवा, अधिकृत एघारौं तहमा नियुक्ति तथा पदस्थापन गर्ने ।<br>(ख) निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरुलाई प्रदेश सचिव पदमा कामकाजमा खटाउने। |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका कार्यालयबाट काठमाडौं र हेटौंडा जोड्ने प्रदेश लोकमार्ग सहित विभिन्न महत्वपूर्ण सडक तथा सडक पुलहरुको मर्मत संभार र पुनर्स्थापना गर्न पन्ध्र करोड पच्चिस लाख रुपैयाँ मात्र आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत बिनियोजन गर्ने। |
| ३. | "स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धी मापदण्ड, २०८१" स्वीकृत गर्ने। |

**सम्वत् २०८१ साल पौष ११ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ संशोधन स्वीकृत गर्ने। |
| २. | स्वीकृत कार्यक्रम अन्तर्गत बजेट उपशीर्षक ३०१०००११३ अन्तर्गत खर्च शीर्षक २२५२२, क्रियाकलाप नं. २.७.२५.४७९ को प्रदेश प्रमुखको कार्यालय सबलीकरण कार्यक्रममा रू. १०,००,०००।—(दश लाख मात्र) विनियोजन भएको रकम प्रदेश प्रमुखको कार्यालय, बागमती प्रदेशमार्फत कार्यक्रमको मुल उद्देश्यसँग फरक नपर्ने गरी, प्रचलित कानून, स्वीकृत मापदण्ड अनुसार खर्चगरी प्रापक कार्यालयको लेखा उत्तरदायी अधिकृतले लेखा परीक्षण समेत गराई जिम्मेवारी र उत्तरदायित्व बहन गर्ने गरी एकमुष्ट रकम निकासा तथा अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ३. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ को उपदफा (१) बमोजिम खुविराम अधिकारी (क.सं.नं.१६०६३२) लाई मिति २०८१/०९/०१ गते देखि जेष्ठता कायम हुने गरी प्रदेश प्रशासन सेवा, अधिकृत एघारौं तहमा नियुक्ति गर्ने। |
| ४. | क) निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरुलाई कामकाजमा खटाउने ।<br>ख) नेपाल स्वास्थ्य सेवा, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी समूह, अधिकृत एघारौं तहका डा. सुमित्रा गौताम (क.सं.नं. २०१०८७) लाई बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयको प्रदेश सचिव पदमा कामकाजमा खटाउने। |
| ५. | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती दिने। |
| ६. | प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती दिने। |
| ७. | "तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने। |
| ८. | "प्रविधि हस्तान्तरण कार्यविधि, २०८१" मन्त्रिपरिषद्, आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने। |
| ९. | प्रदेश खानेपानी तथा सरसफाइ विधेयकको सिद्धान्त (अवधारणा पत्र) स्वीकृति तथा विधेयक तर्जुमा प्रक्रिया अगाडि बढाउन सहमति प्रदान गर्ने। |
| १०. | अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ११. | सामाजिक विकास मन्त्रालयबाट सिफारिस भएका मध्येबाट शान्ति लामा (म्यागङ गा.पा.-४ नुवाकोट)लाई प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्को प्रमुख कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

| | |
|---|---|
| १२. | "स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धी मापदण्ड, २०८१", आर्थिक, सामाजिक समिति तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने। |
| १३. | (क) आ.व. २०८१/८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमको कृयाकलाप ११.४.२१.६८४ ख.शि.नं. ३११५९ को गौतम वुद्ध क्रिकेट अन्तर्राष्ट्रिय रङ्गशाला भरतपुर म.न.पा.लाई (अनुदान)" कार्यक्रम प्रदेश विनियोजन ऐन २०८१ को दफा ७(१) बमोजिम भरतपुर म.न.पा.द्वारा प्रचलित कानून बमोजिम खरिद प्रकृया अवलम्वन गरी कार्यान्वयन गर्ने।<br>(ख) उक्त शीर्षकमा विनियोजित रकम प्रदेश विनियोजन ऐन २०८१ को दफा ७(३) बमोजिम भरतपुर म.न.पा.लाई निकासा दिने।<br>(ग) बजेटको कार्यान्वयन प्रचलित कानून, स्थापित मापदण्ड र खरिद प्रकृया अनुसार गरी लेखापरीक्षण लगायतका वित्तीय दायित्व भरतपुर महानगरपालिकाले वहन गर्ने। |